लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

## प्रदेश निजामती सेवाका कर्मचारीहरुले सरुवा निवेदन पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति २०८२/०४/०१)

पत्र संख्या :- ०८२/८३
चलानी नं. : क.प्र./६

प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २५ को उपदफा (४) बमोजिमको अवधिभित्र सरुवा हुन इच्छुक हाल कार्यरत निकायमा न्यूनतम अवधि पुरा भएका अधिकृतस्तर आठौं तह (सङ्घीय निकायबाट कामकाजमा आएका कर्मचारीको हकमा रा.प. तृतिय श्रेणी) सम्मका कर्मचारीले प्रदेश निजामती सेवा नियमावली, २०८० को अनुसूची-१४ को ढाँचामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ईमेल: kapra.cmofficep5@gmail.com मा निवेदन पेश गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

उल्लेख भए बमोजिमको निवेदन कर्मचारीको रुची वा चाहना थाहा पाउने प्रयोजनमा मात्र सीमित रहने र यसले सरुवा हुने वा नहुने अथवा माग गरेको निकायमा हुने वा नहुने कुराको निर्धारण नगर्ने व्यहोरा समेत स्पष्ट गरिएको छ।

साथै, सरुवा निवेदन दर्ता गर्न आफ्नो कार्यालयको सेवा छाडी भौतिक रुपमा उपस्थित हुन नपर्ने भएकोले ईमेल मार्फत पठाउने प्रक्रियालाई प्राथमिकता दिनुहुन समेत निर्देशानुसार अनुरोध गरिएको छ।

(सञ्जय ज्ञवाली)
वरिष्ठ शाखा अधिकृत



Scanned with CamScanner